कपुरकोट गाउँपालिका
कपुरकोट गाउँकार्यपालिकाद्वारा प्रकाशित

# स्थानीय राजपत्र

**भागः ३ संख्याः १३ मितिः २०८१/०३/०६**

## सामुदायिक विद्यालय स्थगन, तह मिलान तथा दरवन्दी मिलान कार्यविधि २०८१

गाउँकार्यपालिका बैठकबाट पारित मिति २०८१।०३।०६

प्रमाणिकरण मिति २०८१।०३।०६

प्रस्तावनाः

कपुरकोट गाउँपालिका अन्तर्गत सञ्चालनमा रहेका बिगतदेखी विद्यार्थी संख्या न्यून रहेका सामुदायिक विद्यालयहरुलाई स्थगन, तह मिलान र दरवन्दि मिलान गरी विद्यालयको व्यवस्थापकीय र शैक्षिक सुधारको कार्य गर्न वाञ्छनीय भएकोले, स्थानिय सरकार सञ्चालन ऐन २०७४ दफा १०२ को अधिकार ,प्रशासकिय कार्यविधि नियमित गर्ने ऐन २०७५ ले दिएको अधिकार र नेपालको संविधानको अनुसुचि ८ मा स्थानिय तहको एकल अधिकारको सुचिमा सि.न ८ मा आधारभुत तथा माध्यमिक शिक्षा को जिम्मावारीलाई बोध गरी गरी कपुरकोट गाउँपालिका गाउँकार्यपालिकाले यो कार्यविधि बनाई जारी गरेको छ ।

## परिच्छेद – १

## प्रारम्भिक

१. संक्षिप्त नाम र प्रारम्भः

क) यस कार्यविधिको नाम "सामुदायिक विद्यालय स्थगन, तह मिलान तथा दरवन्दी मिलान कार्यविधि २०८१" रहेको छ ।

ख) यो कार्यविधि गाउँकार्यपालिकाले यो कार्यविधि कार्यान्वयन गर्ने निर्णय भएको मितिदेखि लागु हुनेछ ।

२. परिभाषाः विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमाः

क) "गाउँपालिका" भन्नाले कपुरकोट गाउँपालिका सम्झनु पर्छ ।

ख) "कार्यपालिका" भन्नाले कपुरकोट गाउँपालिकाको गाउँ कार्यपालिकासम्झनु पर्छ ।

ग) "गाउँ सभा" भन्नाले कपुरकोट गाउँपालिकाको गाउँ सभालाई सम्झनु पदर्छ।

घ) "कार्यालय" भन्नाले कपुरकोट गाउँपालिका, गाउँ कार्यपलिकाको कार्यालयसम्झनु पर्छ ।

ङ) "गाउँ शिक्षा समिति" भन्नाले कपुरकोट गाउँपालिकामा गठित गाउँ शिक्षासमिति सम्झनु पर्दछ ।

च) "विद्यालय" भन्नाले कपुरकोट गाउँपालिकाभित्र सञ्चालनमा रहेकासामुदायिक विद्यालय सम्झनु पर्दछ ।

छ) "विद्यालय स्थगन" भन्नाले न्युन विद्यार्थी संख्या, न्युन सिकाई उपलब्धिर पुर्वाधार नपुगेको कारण तत्काललाई स्थगन गरिएका विद्यालयहरुसम्झनु पदर्छ।

ज) "विद्यालय तह मिलान" भन्नाले न्युन विद्यार्थी संख्या, न्युन सिकाई उपलब्धि र पुर्वाधार नपुगेको कारण हाललाई कक्षा वा तह घटाइएका विद्यालयहरु  सम्झनु पर्दछ ।

झ) "दरवन्दी मिलान" भन्नाले विद्यालय स्थगन वा तह मिलानको कारणले थपघट भएका शिक्षकहरु तथा विद्यालय कर्मचारीलाई व्यवस्थापन गर्ने कार्य सम्झनु पर्दछ ।

ञ) "शिक्षक" भन्नाले सामुदायिक विद्यालयमा सरकारी अनुदानमा कार्यरतस्थायी, अस्थायी, करार र राहत शिक्षक सम्झनु पर्दछ ।

ट) "कर्मचारी" भन्नाले सामुदायिक विद्यालयमा सरकारी अनुदानमा सहायकर सहयोगीको रुपमा कार्यरत कर्मचारी सम्झनु पर्दछ ।

ठ) "शिक्षा युवा तथा खेलकुद शाखा" भन्नाले कपुरकोटगाउँ कार्यपालिका कार्यालयको शिक्षा, युवा तथा खेलकुद शाखा सम्झनु पर्दछ ।

## परिच्छेद – २

## विद्यालय स्थगन तह मिलान तथा दरवन्दि मिलानका आधार

३. विद्यालय स्थगन, तह मिलान तथा दरवन्दि मिलान गर्दा देहायका आधारमा गरिनेछ ।

क) एक विद्यालयबाट अर्को विद्यालय सम्म वढीमा ३० मिनेटमा पुग्नसकिने भएमा

ख) एक विद्यालयवाट अर्को विद्यालय बीचको दुरी ३.५ कि.मी. वा सो भन्दा कम  भएमा ।

ग) हाल सञ्चालित भएको विद्यालयहरुमा न्युनतम पूर्वाधार पुरा नभएमा ।

घ) कुनै विद्यालयमा देहायको विद्यार्थी सङ्ख्या कायम नरहेमा ।

| कक्षा | शिशु | १-३ | ४-५ | ६-८ | ९-१० | ११-१२ |
|---|---|---|---|---|---|---|
| विद्यार्थी सङ्ख्या | १० | ४० | ३० | ६० | ५० | ६० |

ङ) अन्यन्त्र जे सुकै कुरा लेखिएको भएपनि नजिकको दुरीमा अन्य विद्यालय नभएको, अलग्गै वस्ती भएको, भौगोलिक विकटता भएको विद्यालय र कक्षा स्थगनका कारणले पढाईबाट वञ्चित हुन जाने बालबालिकाहरुको पढाई सुनिश्चितताको लागि गाउँपालिकाले आवश्यक व्यवस्था गर्नेछ।

च) माथि जुनसुकै कुरा लेखिएको भएतापनि स्थगन भएका सवै विद्यालयमा सञ्चालित प्रारम्भिक बालविकास कक्षा आवश्यकता रहेसम्म कायम नै राखिनेछ ।

छ) माथि दफा ३ (घ) मा जेसुकै कुरा लेखिएको भएता पनि कक्षा स्थगन भएका विद्यालयमा माथि दफा ३ (घ) को विद्यार्थी मापदण्डमा उल्लेख गरिएका विद्यार्थीको संख्यामा विद्यार्थी उपलब्ध हुन सकेको अवस्थामा गाउँ कार्यपालिकाको निर्णयानुसार पुन कक्षा तथा तह थप गरी विद्यालय संचालन गर्न सकिनेछ ।

## परिच्छेद– ३

## स्थगन भएका विद्यालयहरुको सम्वन्धमा बिशेष ब्यबस्था

४. स्थगन भएको विद्यालयवाट अन्य विद्यालयमा सरुवा भई जाने प्र.अ. र शिक्षक तथा कर्मचारीलाई उचित जिम्मेवारी दिइनेछ ।

५. स्थगन भएका विद्यालयलाई वडा कार्यालयको संरक्षकत्वमा विद्यालय छात्रावास, पुस्तकालय, सामुदायिक सिकाई केन्द्र,प्रशिक्षण केन्द्र,सामुदायिक प्रयोजनका भवन, टोल बिकास संस्था, महिला समूहको भवनको रुपमा प्रयोगमा ल्याउन सकिनेछ ।

६. उपदफा (५) मा उल्लेखित विद्यालयको भौतिक सम्पत्ति र संरचनाको व्यवस्थापन लगायतका विषयमा सहजिकरण गर्न देहायको एक समिति रहेनछ ।

क) सम्बन्धित वडाको वडा अध्यक्ष ( संयोजक )

ख) सम्बन्धित वडाको वडा सदस्यहरु ( सदस्य )

ग) स्थगन हुने विद्यालयको विद्यालय व्यवस्थापन समितिको अध्यक्ष( सदस्य )

घ) सम्बन्धित विद्यालयका प्रधानाध्यापकहरु ( सदस्य )

७. यस मापदण्ड बमोजिम विद्यालय स्थगन भई विद्यार्थीहरु जाने विद्यालयको लागि गाउँ शिक्षा शाखाको राय बमोजिम बढीमा पाँच लाख र तह मिलान हुने विद्यालयहरुलाई प्रति कक्षा बढीमा एकलाखको दरले एक पटकको लागि अनुदान दिईनेछ । उक्त रकम विद्यालयले शैक्षिक गुणस्तरको लागि खर्च गर्नुपर्नेछ ।

८. प्रशासनिक खर्चको लागि नियमित अनुदानका अतिरिक्त थप अनुदानमा वृद्धी गर्दै लगिनेछ ।

९. स्थगन भएको विद्यालयको शैक्षिक सामग्री तथा विद्यालयको कोषको रकमदफा ५ वमोजिमको समितिले निर्णय गरे वमोजिम संरक्षण तथा परिचालन हुनेछ ।

## परिच्छेद – ४

## विद्यालय स्थगन पछि शिक्षक तथा कर्मचारीको व्यवस्थापन

१०. विद्यालय समायोजन पश्चात विद्यालयको शैक्षिक र अन्य व्यवस्थापन देहाय अनुसार गर्नुपर्नेछः

क)स्थगन भएका विद्यालयका शिक्षक तथा कर्मचारीहरुलाई प्राथमिकताका साथ पायक पर्ने गरी व्यवस्थापन गरिनेछ ।

ख)आवश्यकता भन्दा वढी भएका शिक्षक दरबन्दीलाई गाउँपालिकाको पुलदरबन्दीका रुपमा राखी गाउँ शिक्षा समितिको निर्णय अनुसार तपसीलको विद्यार्थी सङ्ख्याको आधारमा व्यवस्था गरिनेछ ।

- कम्तीमा १० विद्यार्थी भएमा १ शिशु शिक्षकको व्यवस्था
- विद्यार्थी संख्या ३० भन्दा माथि भएमा २ जना शिक्षकको व्यवस्था
- यसै गरी २ भन्दा माथि प्रति ३५ विद्यार्थी बराबर १ शिक्षकको व्यवस्था

- कक्षा १ देखि कक्षा ३ सम्म सञ्चालित विद्यालयमा प्रति कक्षा १५ वा जम्मा विद्यार्थी ४५ जना भएमा अधिकतम ३ जना शिक्षकको व्यवस्था ।
- प्रति कक्षा ३५ भन्दा बढि विद्यार्थी भएमा प्रति ३५ विद्यार्थी बराबर १ शिक्षकको व्यवस्था गरी वर्ग विभाजन गरी कक्षा सञ्चालन गर्ने।
- कक्षा १ देखि कक्षा ५ सम्म सञ्चालित विद्यालयमा प्रतिकक्षा १५ वा जम्मा विद्यार्थी ७५ जना भएमा न्युनतम ५ जना शिक्षक
- कक्षा ६ देखि कक्षा ८ सम्म सञ्चालित विद्यालयहरुमा न्युनतम प्रति कक्षा २५ वा जम्मा ७० जना भन्दा बढि भएमा न्युनतम ३ शिक्षक व्यवस्था
- प्रति कक्षा ३५ वा १०५ भन्दा बढि भएमा न्युनतम ४ शिक्षक व्यवस्था
- १५० भन्दा बढि भएमा न्युनतम ५ शिक्षक व्यवस्थापन गर्ने र सो भन्दा माथि जतिसुकै भए पनि ५० विद्यार्थी बराबर १ शिक्षक थप गर्ने व्यवस्था
- कक्षा ९ देखि कक्षा १० सञ्चालित विद्यालयहरुमा प्रति कक्षा न्युनतम ३५ वा जम्मा ७० जना विद्यार्थी भएमा न्युनतम ३ शिक्षक व्यवस्था
- प्रति कक्षा ५५ वा जम्मा १०५ भन्दा बढि भएमा न्युनतम ४ शिक्षकको व्यवस्था ।
- प्रति कक्षा ६० वा जम्मा १२० भन्दा बढि विद्यार्थी भएमा न्युनतम ५ जना शिक्षकको व्यवस्था
- जम्मा १२० जना भन्दा माथि भएमा प्रति ५० विद्यार्थी बराबर १ शिक्षक थप

- कक्षा ११ देखि कक्षा १२ सञ्चालित विद्यालयहरुमा प्रति कक्षा न्युनतम ४५ वा जम्मा ९० जना विद्यार्थी भएमा न्युनतम २ जना शिक्षकको व्यवस्था
- सो भन्दा माथि प्रति ६० विद्यार्थी बराबर १ शिक्षक व्यवस्था

ग) आवश्यकता भन्दा बढी शिक्षक संख्या रहन गएमा नजिकको पायकपर्ने विद्यालयमा आवश्यकताका आधारमा सरुवा गरि पदस्थापन गरिनेछ ।

घ) विद्यालय समायोजन पश्चात विद्यालय कर्मचारी र बालविकाससहयोगी कार्यकर्ताको संख्या तोकिए भन्दा बढी हुन गए तापनि सबै कर्मचारी र बालविकास सहयोगी कार्यकर्ताको सेवा सुविधा र पदीय हैसियतमा कुनै कटौती वा प्रतिकुल पर्ने गरी कार्य गरिने छैन । तर, आवश्यकताका आधारमा सरुवा वा स्थानान्तरण गरी अर्को विद्यालयमा कामकाज गर्न लगाउन सकिने छ । यस दफाको लागि प्रारम्भिक बालविकास तथा कर्मचारीको नयाँ नियुक्ति गर्दा गाउँपालिकाले आवश्यकताको आधारमा अनुमित प्रदान वा स्थगन गर्न सक्नेछ ।

## परिच्छेद – ५

## नमुना र लिडर बिध्यालयहरुको संचालन सम्बन्धि ब्यबस्था

११.नमुना बिध्यालय र लिडर बिध्यालय छनौट गर्न सकिने

क) विद्यालय स्थगन पश्चात प्रत्येक वडामा कम्तिमा एउटा नमुना/ठुला/लिडर आवासिय विद्यालय स्थापना गर्न सक्नेछ ।

ख) यस्ता विद्यालयहरुमा छात्रावास वा यातायातको साधनको व्यवस्थापन समेत गर्न सकिनेछ ।

ख) स्थापना हुने नमुना/ठुला/लिडर आवासिय विद्यालयको अभिभाकत्व सम्वन्धित वडाको वडा अध्यक्षले लिनेछ ।

ग) प्रत्येक वडा भित्रका नमुना/ठुला/लिडर आवासिय विद्यालयमा आवश्यकता अनुसार फरक–फरक विधाका प्राविधिक तालिम तथा कार्यक्रम सञ्चालन गर्न सकिनेछ ।

## परिच्छेद – ६

### विद्यालय स्थगन तह मिलान तथा दरवन्दि मिलान गर्दा अपनाईने प्रकृया

१२.विद्यालय स्थगन, तह मिलान र दरवन्दि मिलान गर्दा देहायका प्रकृया अपनाइनेछ।

क) गाउँ शिक्षा शाखा मार्फत तथ्याङ्क सत्यापन तथा विश्लेषण

ख) वडा शिक्षा समिति,/वडा समितिको निर्णय र सिफारिस

ग) गाउँ शिक्षा समितिको निर्णय र सिफारिस

घ) गाउँ कार्यपालिकाको निर्णय

## परिच्छेद – ७

### तह मिलान तथा विद्यालय स्थगन पश्चात बाँकी रहने दरवन्दी सम्वन्धमा

१३. यस कार्यविधि वमोजिम विद्यालय स्थगन तथा तह मिलान गर्दा बढी हुन आउने शिक्षक तथा कर्मचारीलाई सरुवा पदस्थापना गर्दा देहाय बमोजिम गरिनेछ ।

क) दफा ९ ख बमोजिम शिक्षकको व्यवस्था गरिनेछ । विद्यालय स्थगन पश्चात फाजिलमा पर्ने शिक्षकहरुलाई सामान्यतयासम्वन्धित वडा अन्तरगतका विद्यालयमा सरुवा गरी कामकाजको लागिखटाइनछे ।

ख) कमजोर विद्याथीहरुको लागि उपचारात्मक कक्षा सञ्चालन गरिनेछ ।

ग) सरुवा तथा काज खटाउदा नियुक्ति मितिको आधारमा कनिष्ठ शिक्षकलाई खटाइनेछ। यदि कसैले आफूलाई पायक पर्ने भनि सरुवाको लागि निवेदन दिएमा निजलाई सरुवाको लागि प्राथमिकता दिइनेछ ।

घ) जेष्ठता सम्वन्धी कुनै द्वविधा उत्पन्न भएमा उमेर तथा शैक्षिक योग्यतालाई आधार मानेर काज सरुवा व्यवस्थापन गरिनेछ ।

ङ) सामान्यतया शिक्षकलाई मर्का पर्ने गरी सरुवा गरिनेछैन । विद्यालयको शैक्षिक गुणस्तर सुधारको सवालमा गाउँपालिकाको जुनसुकै विद्यालयमा शिक्षक सरुवा तथा पदस्थापना गर्न माथिको व्यवस्थाले वाधा पुर्याएको मानिने छैन ।

च) गाउँपालिकाले खटाए बमोजिमको विद्यालयमा हाजिर भएर शिक्षक कर्मचारीले कामकाज गर्नुपर्नेछ ।

## परिच्छेद – ८

## विविध

१४.खुला प्रतिस्पर्धावाट प्रधानाध्यापकहरुको नियुक्ति गरिने

क)सामुदायिक बिध्यालयहरुको प्रभावकारी प्रशासनिक नेतृत्वको लागि प्रत्येक विध्यालयमा रहने प्रमुख प्रशासनिक तथा आर्थिक कामकाज गर्ने प्रधानाध्यापक पद खुला प्रतिस्पर्धाबाट छनौट गरि सम्बन्धित बिध्यालय ब्यबस्थापन समितिलाई गाउँ शिक्षा समितिले सिफारिस गर्नुपर्नेछ ।

ख) उपदफा (क) बमोजिम प्रधानाध्यापक छनौट गर्दा गाउँ शिक्षा शाखाले कम्तिमा १५ दिनको समय राखि योग्यता पुगेका इच्छुक शिक्षकहरुलाई अनलाइन आवेदन पेश गर्न सुचना प्रकाशन गरिनेछ ।

ग) प्रधानाध्यापक छनौट सम्बन्धि अन्य ब्यबस्थाहरु गाउँ शिक्षा समितिले तोकेबमोजिम हुनेछ ।

१५.पुल दरवन्दि रहने

तह मिलान तथा विद्यालय स्थगन भएका विद्यालयको दरवन्दीहरु गाउँपालिकामा पुल दरवन्दीको रुपमा रहेनछ ।

१६. अपुग कर्मचारी थप गर्न सकिने

गाउँपालिकाले आवश्यकता अनुसार आन्तरिक स्रोतवाट गाउँ शिक्षक तथा कर्मचारी व्यवस्थापन गर्न सक्नेछ ।

१७.पुनर्विचार गर्न सकिने

विद्यालय स्थगन तथा तह मिलानको कारणले कुनै विद्यार्थी पठनपाठनवाट वञ्चित हुने अवस्था सिर्जना भएमा गाउँ

कार्यपालिकाको  निर्णयले पुन विद्यालय स्थापना र सञ्चालन गर्ने सकिनेछ ।

१८. संशोधन गर्ने अधिकार

यस कार्यविधिमा थपघट, व्याख्या र संशोधन गर्ने अधिकार  गाउँ कार्यपालिकामा निहित रहनेछ ।

१९. खारेजि र बचाउँ

कपुरकोट गाउँकार्यपालिकाले यो कार्यविधि खारेजि गर्न आबश्यक ठानेमा खारेज गर्न सक्नेछ भने हालसम्म यस कार्यविधिसंग सम्बन्धि भएगरेका कार्यहरु यसै कार्यविधि अनुसार भएगरेको मानिनेछ ।

..........................

आज्ञाले

भरत कुमार वली

प्रमुख प्रशासकिय अधिकृत